annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११ पृष्ठ ८ | काठमाडौं, आइतबार २८ वैशाख २०८२ | वैशाख शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | SUNDAY, MAY 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी


# ठूला परियोजना पाइपलाइनमै, सानामा विदेशी लगानी बढ्यो

विदेशी लगानीकर्ता आकर्षित गर्ने भनेर सरकारले गत वर्ष अध्यादेशबाट एकैपटक ९ वटा ऐनमा संशोधन गऱ्यो । तर, सम्मेलन सम्पन्न भएको एक वर्ष बित्दा पनि ती ऐन कार्यान्वयनका लागि कार्यविधि र नियमावली बनाएको छैन । त्यसैकारण, ठूला परियोजनामा अपेक्षाकृत लगानी आउन सकेन । तर, ६ अर्बभन्दा कम लगानीका साना उद्योगमा भने प्रत्यक्ष वैदेशिक लगानी बढेको छ । ६१ देशको लगानी भित्रिएको छ । त्यसैकारण, समृद्धि र विकासका लागि सरकारले वैदेशिक लगानीकर्तालाई आकर्षित गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यक्ता देखिएको छ ।

समाचार पृष्ठ २

**ममता थापा/सुनिता कार्की** | *काठमाडौं*

**– को रिपोर्ट**




## फिफाको नयाँ निर्णय : सन् २०३१ देखि महिला विश्वकपमा ४८ टोली

**जेनेभा** (एजेन्सी): सन् २०३१ देखि सुरु हुने फिफा महिला विश्वकपमा सहभागी राष्ट्रहरूको संख्या ३२ बाट बढाएर ४८ पुऱ्याइने भएको छ। विश्व फुटबल नियामक संस्था फिफाले शुक्रबार सार्वजनिक वक्तव्यमार्फत उक्त निर्णय सर्वसम्मत पारित भएको जानकारी दिएको हो।

फिफाका अनुसार, विश्वव्यापी रूपमा महिलाको फुटबलमा आएको उल्लेखनीय प्रगतिको कदरस्वरूप यो निर्णय लिइएको हो। यसले थप राष्ट्र र खेलाडीहरूलाई उच्चस्तरीय प्रतिस्पर्धामा सहभागी हुने अवसर प्रदान गर्नुका साथै विश्वभर महिला फुटबलमा लगानी तीव्र बनाउन मद्दत गर्ने विश्वास गरिएको छ।

४८ टोली सहभागिताको नयाँ ढाँचामा अब १२ समूह रहनेछ, जसले कुल खेल संख्या ६४ बाट बढाएर १०४ पुऱ्याउनेछ र प्रतियोगिता एक साता थप लम्बिनेछ। फिफा अध्यक्ष जियानी इन्फान्टिनोले भने, 'यो केवल थप १६ टोली खेलाउने कुरा मात्र होइन, यो निर्णयले सदस्य राष्ट्रहरूलाई समग्र रूपमा महिला फुटबल संरचना विकास गर्न प्रेरित गर्नेछ।'

महिला विश्वकपको सुरुआत सन् १९९१ मा १२ टोलीसहित भएको थियो। त्यसपछि सन् २०११ सम्म १६ टोलीले भाग लिए भने क्यानडा र फ्रान्समा सम्पन्न सन् २०१९ संस्करणमा २४ टोली सहभागी थिए। सन् २०२३ मा अष्ट्रेलिया र न्युजिल्यान्डद्वारा सहआयोजित प्रतियोगितामा पहिलोपटक ३२ टोली सहभागी भएका थिए। सन् २०२७ मा आगामी विश्वकप ब्राजिलमा आयोजना हुनेछ।

यसैबीच, पुरुष विश्वकप पनि सन् २०२६ देखि ४८ टोलीसहित आयोजना हुँदैछ, जुन संयुक्त राज्य अमेरिका, क्यानाडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने छन्।

# एयरपोर्टमा गाई-भैंसी, धावनमार्गमा ट्रक र ट्र्याक्टर

**शिव उप्रेती** | *गोरखा*

कुनै पनि विमानस्थलमा जहाजको आवागमन हुन्छ। यात्रुको ओहोरदोहोर चल्छ। तर, गोरखाको पालुङटार विमानस्थलमा भने जहाज हैन, गाईगोरु, भैंसी र राँगाहरू बग्रेल्ती बसिरहेका, चरिरहेका, जुधिरहेका, खेलिरहेका हुन्छन्। धावनमार्गमा जहाज होइन, ट्रक, ट्र्याक्टर, बस, जिपलगायतका सवारी साधनहरूको लावा लस्कर कुदिरहेका हुन्छन्।

स्थानीय अनिल थपलियाका अनुसार विमानस्थल स्तरोन्नति गर्न, घेराबार गर्न र धावनमार्गलाई चुस्तदुरुस्त राख्न २०७७ सालमा ३ करोड बजेट आएको थियो। काष्ठमण्डप कन्स्ट्रक्सन प्रालिले नागरिक उड्डयन प्राधिकरणसँग विमानस्थल स्तरोन्नतिका लागि ठेक्का सम्झौता गरे पनि काम सम्पन्न गर्न नसकेको थपलियाले बताए। हाल विमानस्थलको धावनमार्ग गाडी दौडाउने 'सर्टकट' बाटो बनेको छ । आसपासका किसानका घरपालुवा पशुचौपायाका लागि फराकिलो चरन क्षेत्र बनेको छ, एयरपोर्ट। पालुङटार नगरपालिका ५ र ६ मा पर्ने उक्त एयरपोर्टको धावनमार्गमा एक महिनायता सवारी साधन बाक्लै गुड्ने गरेको वडाअध्यक्ष दीपक पाण्डेले जानकारी दिए। 'अहिले तुरतुरेदेखि राधाकृष्णमन्दिर हुँदै ठाँटीपोखरी जाने सडक कालोपत्रे हुँदैछ', पाण्डेले भने, 'त्यसै हुनाले गाडी डाइभर्सन गरेर हवाई ग्राउन्डबाट बाइपास गराइएको छ।


*नेपाल फोटो लाइब्रेरी*

गाडी कुद्न थालेपछि सब-बेस ओछ्याएर छाडेको धावनमार्ग धुलाम्मे भएको छ। नत्र घाँस उम्रिएको थियो।' राज्यको ढुकुटीको ३ करोड खर्चेर पनि धावनमार्ग स्तरोन्नतिको काम अलपत्र बनाएको उनले बताए। 'कि विमानस्थल प्रयोगमा ल्याउने प्रक्रिया अघि बढाउनुपऱ्यो', उनले भने, विमानस्थल प्रयोगमा ल्याउनु छैन भने स्तरोन्नतिको नाममा करोडौं खर्च किन गर्नुपऱ्यो ?'

विमानस्थलको जग्गा अतिक्रमण गरेर पक्की संरचना निर्माण भएका कारण विमानस्थल पुनर्निर्माणमा कठिनाइ भएको हो। विमानस्थलको जग्गा व्यक्तिले पनि अतिक्रमण गरेको र राज्यले पनि पक्की सडक निर्माण गरेपछि विमानस्थल स्तरोन्नतिको कामले पूर्णता पाउन नसकेको हो।

लामो समयदेखि बन्द रहेको विमानस्थलभित्र पक्की सडक निर्माण गरिएको छ। सोही सडकको विवादका कारण विमानस्थल स्तरोन्नतिमा ढिलाइ भएको पालुङटार विमानस्थल आयोजना कार्यालयले जनाएको छ। कार्यालयका अनुसार विमानस्थलको संरचना निर्माण र हाल भएको हवाई मैदान सुधारका लागि ०७७ असार ३१ गते ठेक्का सम्झौता भएको थियो।

» बाँकी पृष्ठ ६

## सुडानमा हवाई आक्रमण, एउटै परिवारका १४ को मृत्यु

**सुडान** (एजेन्सी): सुडानको डार्फर क्षेत्रमा रहेको विस्थापितहरूको शिविरमा भएको हवाई आक्रमणमा एउटै परिवारका कम्तीमा १४ जनाको मृत्यु भएको उद्धारकर्मीहरूले जनाएका छन्। डार्फरको अबु सुक शिविरलाई लक्षित गर्दै गरिएको आक्रमणबारे स्वयंसेवकहरूले जानकारी दिएका छन्। उनीहरूले घटनाको विवरणसहित विज्ञप्ति जारी गरेका छन्।

संयुक्त राष्ट्रसंघका अनुसार, डार्फरको राजधानी एल-फासेर नजिकैको यो क्षेत्र अझै पनि अर्धसैनिक बल आरएसएफको नियन्त्रणमा छैन र खाद्य संकटले गम्भीर रूपमा प्रभावित छ।

डार्फर क्षेत्र अफ्रिकामा द्वन्द्वका कारण विस्थापित भएका लाखौं मानिसहरूको आश्रयस्थल बनेको छ। पछिल्लो समय नियमित सेनासँगको युद्धमा संलग्न रहेको आरएसएफले यस्ता शिविरहरूलाई निशाना बनाउन थालेको छ। अबु सुक शिविर, जो जामजाम शिविर नजिकै रहेको छ, अप्रिलमा आरएसएफले गरेको विनाशकारी आक्रमणपछि खाली भएको थियो। संयुक्त राष्ट्रसंघले यस क्षेत्रमा झन्डै १० लाख शरणार्थीहरू रहेको जानकारी दिएको छ।

यो द्वन्द्व सेना प्रमुख अब्देल फताह अल-बुरहान र पूर्वआरएसएफ कमान्डर मोहम्मद हमदान डाग्लोबीचको शक्ति संघर्षको रूपमा सुरु भएको हो।


# अमेरिकाको मध्यस्थतामा भारत–पाकिस्तान युद्धविराम

**राधा खनाल** | *काठमाडौं*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ४ दिनयता एक-अर्काप्रति आक्रामक बन्दै आएका भारत र पाकिस्तान युद्धविरामका लागि तयार भएको जानकारी दिएका छन्। सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै ट्रम्पले अमेरिकाको मध्यस्थताले यो सम्भव भएको भन्दै दुवै देशलाई बधाईसमेत दिएका छन्।

उनले लेखेका छन्, 'रातभरिको निरन्तर कुराकानी र अमेरिकाको मध्यस्थताका कारण भारत र पाकिस्तानबीच पूर्णरूपमा र तुरुन्तै युद्धविराम गर्न सहमति भएको घोषणा गर्न पाउँदा म खुसी छु। विवेक र सही विचारसहितको यस कदमका लागि म दुवै देशलाई बधाई र धन्यवाद दिन चाहन्छु।' उनले अगाडि लेखेका छन्, 'सहज बुद्धि र महान् बुद्धिमत्ताको प्रयोग गरेकामा म दुवै देशलाई बधाई दिन चाहन्छु।'

यस्तै, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पनि ट्रम्पको पोस्टको आशयलाई पुष्टि गर्ने शैलीको सन्देश सामाजिक सञ्जाल एक्समा सेयर गरेका छन्। उनले गएका दुई दिनमा उपराष्ट्रपति जेडी भान्सले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफसँग निरन्तर संवाद गरेको र दुई देशका सरकारहरूले युद्धविरामका लागि सहमति जनाएको पुष्टि गरेका हुन्। उनले भनेका छन्, 'प्रधानमन्त्री नरेन्द्र मोदी र शहबाज शरिफले शान्तिपूर्ण बाटो रोजेका छन्, यो दूरदर्शिताको प्रमाण हो।'




पाकिस्तानी उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक डारले पनि टीट गर्दै भारत र पाकिस्तान पूर्ण युद्धविरामका लागि सहमत भएको पुष्टि गरेका छन्। उनले पाकिस्तान सधैं यस क्षेत्रको शान्ति र सुरक्षाको पक्षमा रहेको र आफूहरूले देशको सार्वभौमिकता र अखण्डतामा कुनै सम्झौता नगर्ने प्रतिक्रिया दिएका छन्। भारतीय विदेश सचिव विक्रम मिस्रीले विदेश मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा भनेका छन्, 'शनिबार भारतीय समयअनुसार ३:३५ बजे भारत र पाकिस्तानका सैन्य कारबाही निर्देशकहरूबीच फोन वार्तालाप भएको छ। सो कुराकानीका आधारमा भारतीय समयअनुसार शनिबार ५ बजेदेखि दुवै पक्षबीच स्थल, हवाई र जल गरी तीनै क्षेत्रमा युद्ध र सैन्य क्रियाकलाप तत्काल रोक्न दुई पक्षबीच सहमति भएको छ।' उनले अगाडि भने, 'अब दुवै देशले जमिन, आकाश र समुद्रमा एकअर्कामाथि आक्रमण गर्ने छैनन्। दुवै देशका डीजीएमओहरूले मे १२ मा दिउँसो १२ बजे वार्ता गर्ने छन्।'

भारतीय सेनाका अधिकारी कमोडोर आर रघु नायरले शनिबारै रक्षा मन्त्रालयको पत्रकार सम्मेलनमा भने, 'सेना युद्धविराम सम्झौताको पालना गर्नेछ। तर सेना भारतको सार्वभौमसत्ता कायम राख्न सतर्क रहनेछ।'

यसैबीच विङ कमान्डर व्योमिका सिंहले पाकिस्तानले भ्रामक प्रचार अभियान चलाउन धेरै प्रयास गरेको बताएकी छन्। सिंहले भारतीय सेनाले आक्रमणमा मस्जिदहरूलाई निशाना बनाएको पाकिस्तानको आरोपलाई अस्वीकार गरेकी छन्।

उनले भनिन्, 'हामी सबै धर्मका धार्मिक स्थलहरूको सम्मान गर्छौं।' उनले भारतीय सेनाले आतंकवादी शिविर र भारत विरोधी गतिविधिका लागि प्रयोग गरिँदै आएको ठाउँलाई निशाना बनाएको बताए। उनले भारतीय सेनाले कुनै पनि धार्मिक स्थललाई निशाना नबनाएको पनि बताइन्।

» बाँकी पृष्ठ ६